**आ.व. २०८३।०८४ मिति: २०८३।४।१ गते, समय: १०:०० वजे विहान, बैठक संख्या: ०१**

अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

**कार्यपालिकाको बैठकका निर्णयहरु**

**प्रस्ताव नं. १**: अघिलो बैठकका निर्णयहरुको समिक्षा ।

**निर्णय:** अघिलो कार्यपालिका बैठकको निर्णयहरु समिक्षा भयो । कार्यान्वियन हुन बांकी निर्णयहरु तत्काल कार्यान्वन गर्ने ।

**प्रस्ताव नं. २**: मध्य पहाडी लोकमार्ग सम्बन्धमा ।

**निर्णय:** यस नगरपालिकाको बजार क्षेत्रमा रहेको भिमदत्त राजमार्गलाई नेपाल सरकारले मध्य पहाडी लोकमार्ग घोषणा गरि सडकको क्षेत्राधिकार सडकको दायां बांया २५/२५ मिटर र सेडब्याक ६ मिटर तोकेकोमा डडेल्धुरा सदरमुकामको मुख्य बजार क्षेत्र पहाडी क्षेत्र भएको र सो सडकको क्षेत्राधिकार कायम रहंदा धेरै क्षति हुनजाने र बजार क्षेत्रमा ठुलो समस्या सृजना हुने भएकाले बैकल्पिक व्यवस्था गरि मध्य पहाडी लोकमार्ग कायम गर्न नेपाल सरकारलाई सिफारिस साथ अनुरोध गर्ने ।

साथै बागबजार आइत बगरकोट सडकको क्षेत्राधिकारका कारण पहाडी क्षेत्रमा मुख्य बजारमा रहेका संपूर्ण भवनहरुमा व्यापक समस्या पर्न आउने भएको हुंदा सो सडक क्षेत्रलाई बैकल्पिक व्यवस्था गर्न सुदुरपश्चिम प्रदेश सरकारमा सिफारिस साथ अनुरोध गर्ने ।

**प्रस्ताव नं. २**: प्रहरी चौकी बागबजारको निर्माण कार्य सम्बन्धमा ।

**निर्णय:** यस नगरपालिकाको बागबजार क्षेत्रमा रहेको प्रहरी चौकी बागबजारको भवन निर्माण गर्न जग्गा आवस्यक भएकोले सहयोगका लागि जिल्ला प्रहरी कार्यालय डडेल्धुराबाट अनुरोध भै आएकाले श्री डडेल्धुरा जिल्ला अदालत र सेफहाउस नजिक रहेको लामो समय सम्म प्रयोग विहिन डरिको भवन भत्काई प्रहरी चौकी बागबजार निर्णाण गर्न करिब ३ रोपनी सरकरी/सार्वजनिक जग्गा उपयोग गर्न सम्बन्धित निकायमा सिफारीस गर्ने ।

२०८३।४।१